माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhimun.gov.np

चलानी नं. : १२३१
पत्र संख्या : ०८२/०८३

सूचना नं.: ४५ /२०८२/०८३

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०१

**विषयः निःशुल्क ड्राइभिङ तालिममा सहभागिताको लागि आवेदन आह्वान सम्बन्धी सूचना**

माथागढी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गत "युवा सीप विकास कार्यक्रम" मार्फत गाउँपालिका भित्रका बेरोजगार युवायुवतीहरूलाई स्वरोजगार बनाउने उद्देश्यले निःशुल्क ड्राइभिङ (हलुका सवारी चालक) तालिम सञ्चालन गर्न लागिएको छ। अतः उक्त तालिममा सहभागी हुन इच्छुक र तोकिएको योग्यता पुगेका व्यक्तिहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवश्यक कागजातसहित सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**१. आवश्यक योग्यता र मापदण्डः**

- नेपाली नागरिकः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको बेरोजगार व्यक्ति हुनुपर्ने।
- माथागढी गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने।
- हाल कुनै पनि शैक्षिक संस्थामा औपचारिक अध्ययनरत नरहेको हुनुपर्ने।
- कुनै पनि सरकारी, गैर-सरकारी वा निजी पेशा/व्यवसायमा संलग्न नभएका व्यक्तिहरू।
- यस अघि गाउँपालिका वा अन्य निकायबाट यस्तै प्रकृतिको सीपमूलक तालिम नलिएका व्यक्तिहरू।

*पुनश्चः म्याद नाघी आएका वा रीत नपुगेका आवेदनहरू उपर कुनै कारबाही गरिने छैन। छनौट सम्बन्धी अन्तिम अधिकार गाउँपालिकामा निहित रहनेछ। सम्बन्धित वडा कार्यालयले निवेदकको आवश्यक योग्यता र मापदण्ड पुगेको र अयोग्य नरहेको भनी एकमुष्ट सिफारिस पत्र पालिकामा पेश गर्नुपर्नेछ।*

थप जानकारीका लागिः ९८५७०६८५६८, ९८५७०७९११८

हस्ताक्षर

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## ड्राइभिङ तालिममा सहभागिताको लागि निवेदन तथा स्वघोषणा

मितिः २०८२/..../....

श्री.........नं वडा कार्यालय,

..............................

विषयः ड्राइभिङ तालिममा सहभागीता सम्बन्धमा।

उपरोक्त विषयमा माथागढी गाउँपालिकाको **'युवा सीप विकास कार्यक्रम'** अन्तरगत ड्राइभिङ तालिम सञ्चालन हुन लागेकोले उक्त तालिममा सहभागी हुन इच्छुक भई देहाय बमोजिमको व्यक्तिगत विवरण तथा स्वघोषणा सहित यो निवेदन पेश गरेको छु।

१. व्यक्तिगत विवरणः

- नाम, थरः .......................................................................................
- नागरिकता नं.: ........................ जारी जिल्लाः ........................ मितिः ..................
- स्थायी ठेगानाः माथागढी गाउँपालिका वडा नं. ......., (गाउँ/टोल)ः ...............................
- तालिम लिन चाहनुको कारणः ...........................................................................
- तालिम पछिको योजनाः ...........................................................................

२. स्वघोषणाः म माथागढी गाउँपालिका वडा नं. ....... मा स्थायी बसोबास गर्ने वर्ष ........ को ................................................ (नाम, थर) यो स्वघोषणा गर्दछु किः

१. म हाल कुनै पनि सरकारी, गैर-सरकारी, निजी वा स्वरोजगार मुलक पेसा, व्यवसाय वा अन्य कुनै पनि प्रकारको पारिश्रमिक वा आम्दानी प्राप्त हुने रोजगारीमा संलग्न छैन।
२. म हाल कुनै पनि विद्यालय, क्याम्पस वा विश्वविद्यालयमा औपचारिक रूपमा अध्ययनरत छैन।
३. म पूर्ण रूपमा बेरोजगार रहेको र मेरो परिवारको आर्थिक अवस्था विपन्न रहेको समेत जानकारी गराउँदछु।
४. यस कार्यक्रममा सहभागी हुनका लागि म पूर्ण रूपमा योग्य रहेको र तालिमको समय अवधिभर नियमित उपस्थित भई अनुशासित ढंगले तालिम लिने प्रतिबद्धता व्यक्त गर्दछु।

माथि उल्लेखित विवरणहरू पूर्णतः सत्य र सही छन्। यदि मैले दिएको विवरण झुठ्ठा ठहरेमा प्रचलित कानुन बमोजिम हुने कारबाही भोग्न र तालिम बापतको सम्पूर्ण खर्च फिर्ता गर्न म मन्जुर छु।

निवेदक/स्वघोषणा गर्नेको विवरणः

दस्तखतः .................................. नाम, थरः ..................................................मोबाइल नं.: ................................